## अनुसूची १: नेपालका लागि नेपाली अभियानका १५१ बुंदे मागहरु

### (क) भ्रष्टाचार अन्त्य गर्न नागरिक आयोग गठनका सम्बन्धमा

१. पञ्चायत कालदेखि गणतान्त्रिक व्यवस्थासम्मका सबै सार्वजनिक र उच्च ओहोदामा बसेका राजनीतिक एवं प्रशासनिक व्यक्तिहरुको सम्पतिको यथार्थ र निष्पक्ष रुपमा छानबिन गरी सो को यथार्थ विवरण सार्बजनिक गरी दोषीलाई कानून बमोजिम सजाय गरियोस् । अन्यथा, नेपालका लागि नेपाली अभियान नै नागरिक समाजका निष्पक्ष र निष्कलंकित व्यक्तित्वहरु सम्मिलित एक शक्तिशाली नागरिक आयोग बनाउन बाध्य हुने व्यहोरा जानकारी गराउन चाहान्छौं ।

२. भ्रष्टाचारीहरुबाट जफत गरिएको सम्पत्तिबाट एक विपन्न सहायता कोष खडा गरी विपन्न परिवारको निशुःल्क स्वास्थ्य, शिक्षा, व्यवसायिक सिप एवं रोजगारीको निमित्त खर्च गर्ने पारदर्शी व्यवस्था गरियोस् ।

३. मन्त्रीपरिषद्बाट भएका निर्णयहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारबाट अनतिक्रम्य राख्ने वर्तमान कानूनी व्यवस्थाले गर्दा कार्यकारी अधिकारको दुरुपयोग गरी नीतिगत भ्रष्टाचार गर्ने प्रवृत्ति बढेको हुनाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रधानमन्त्री र मन्त्रीपरिषद्बाट भएगरेका निर्णय र कामकारवाही समेतको अनुसन्धान गरी मुद्दा चलाउन सक्ने अधिकार सुनिश्चित गर्नका लागि तत्कालै संविधानमा संशोधन गरियोस् ।

४. संसद विकास कोषका नाममा राज्यकोषबाट हालसम्म वितरित रकमको यथार्थ विवरणसहित श्वेतपत्र जारी गरियोस् । संसद विकास कोषमार्फत् हालसम्म भएगरेका खर्चहरुको हिसाबकिताब सार्बजनिक गरियोस् ।

५. औषधी उपचार र आर्थिक सहायता, चन्दा, पुरस्कारको नाममा सरकारले विगतमा राजा महाराजाले जग्गा बिर्ता दिए जस्तो गरी राज्यकोषबाट बाँडेको सबै रकम असुल उपर गरी विपन्न सहायता कोषमा दाखिल गरी खर्च गरियोस् । आर्थिक वर्ष २०६३।०६४ देखि २०७४।०७५ मंसीर सम्ममा आर्थिक सहायतामा करिब रु. ५ अर्ब सरकारले पहुँचका आधारमा वितरण गरेकोले यस्तो खर्च रकम असूल उपर गरी गरिबी निवारणमा खर्च गरियोस् ।

६. माओवादीका पूर्व लडाकूहरुको नाममा क्यान्टोन्मेन्टमा वितरण गरी प्रचण्ड लगायतको नेतृत्व आफैंले रकम कब्जा गरी गरेको भ्रष्टाचारको छानबिन र दोषी उपर सजाय गरी असुल उपर गरिएको रकम सम्बन्धित लडाकुलाई नै दिइयोस् ।

७. नेपाल बायुसेवा निगमले हालै भाडामा ल्याएका २ वटा एयरबस A330 वाइडबडी जहाजलाई खरीद नै गरेको भनी अस्वभाविक मूल्यमा लिजको रकम भुक्तानी गरी ठूलो रकम भ्रष्टाचार गरेको हुनाले नागरिक आयोग गठन गरी उक्त भ्रष्टाचारको कार्यमा संलग्न दोषीहरु पत्ता लगाई कानूनी कारवाही गरी भ्रष्टाचार गरिएको रकम असुल उपर गरियोस् ।

८. धरानमा खानेपानी वितरणका लागि एशियाली विकास बैंक ADB ले सञ्चालन गरेको परियोजनामा व्यापक घोटाला र भ्रष्टाचार भएको जनगुनासोका सम्बन्धमा तत्काले छानबिन गरी दोषी माथि कानूनी कारवाही गरियोस् ।

९. स्थानीय तह देखि केन्द्रसम्म नीतिगत एवं प्रत्यक्ष भ्रष्टाचार भइरहेको अवस्थालाई निराकरण गरियोस् ।

१०. अकुत सम्पत्तिको छानबिनका लागि सर्वोच्च अदालतका न्यायधीश भैरव लम्सालको आयोगले दिएको प्रतिवेदन, मल्लिक आयोग, रायमाझी आयोग, गौरी बहादुर कार्की आयोग र कुटनीतिक राहदानी दुरुपयोग अनुसन्धान आयोगका प्रतिवेदनहरु सार्वजनिक गरी दोषी उपर तत्कालै कानूनी कारवाही गरियोस् ।

## (ख) संविधान सुधार, संशोधन र पुनर्लेखनका सम्बन्धमा

११. हामी सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिक हौं । त्यसैले नेपालको संविधान २०७२ को प्रस्तावना लगायतका विभिन्न स्थानमा प्रयुक्त “जनता” भन्ने शब्दको सट्टा “नागरिक” शब्द प्रयोग गरियोस् ।

१२. लोकतन्त्र समाजबादमा जाने सिंढी होइन । त्यसैले लोकतन्त्रलाई समाजबादमा जाने सिंढीको रुपमा संबिधानमा चरितार्थ गरिएको हुँदा सो कुरा हटाई नागरिकले अपनत्व महसुस गर्ने गरि संविधानलाई लोकतन्त्र र संबिधानबादका आधारभूत मान्यता संस्थापित गर्ने मूल कानूनको रुपमा स्थापित गर्न आवश्यक संशोधन गरियोस ।

१३. नेपालको जनसांख्यिक स्थिति अनुसार ९० प्रतिशतभन्दा अधिक जनसंख्या ॐकार परिवार भित्र आबद्ध रहेको वस्तुस्थितिलाई दृष्टिगत गरी नेपाल संसारकै एकमात्र प्राचीन हिन्दू राष्ट्र हुनुको विशेषता, एशियाका ज्योति गौतम बुद्धको जन्मस्थल हुनुको विशेषता र मौलिक आदिवासी किंरात धर्मको उत्पत्तिस्थल हुनुको विशेषतालाई हृदयंगम गरी नेपाललाई हिन्दू, बौद्ध र किंरातसहितको धार्मिक सहिष्णु राष्ट्र घोषणा गरियोस् ।

१४. नेपालको विद्यमान संवैधानिक व्यवस्था अनुसार ८५५ सांसद सदस्य र देश भरिमा सयौंको संख्यामा मन्त्रीहरु रहने प्रणाली अपनाइनु देशको आर्थिक अवस्था, जनसंख्या र भूगोलको दृष्टिले अनुपयुक्त हुनाले देशमा अधिकतम् १०० जनासम्म सांसद सदस्य र बढीमा १५ सदस्यीय मन्त्रीपरिषद् रहने संवैधानिक व्यवस्था गरियोस् ।

१५. प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र लाक्षणिक राष्ट्रप्रमुख रहने गरी संवैधानिक व्यवस्थामा परिमार्जन गरियोस् । साथै राष्ट्रप्रमुख, प्रधानमन्त्री तथा अन्य पदाधिकारीहरुले अत्यन्त विलासित सवारी तथा अन्य साधनहरु प्रयोग गर्ने प्रवृत्तिको अन्त्य होस् ।

१६. सरकारले शासकको रुपमा नभई नागरिकलाई राज्यले प्रदान गर्नुपर्ने सेवा सुविधाको व्यवस्थापक ( Manager), नागरिकको सुखदुखको विचार गर्ने अभिभावक (Guardian) र देशको राष्ट्रिय अन्तर्राष्ट्रिय छविलाई उँचो तुल्याउने गरी प्रतिस्पर्धात्मक ढंगले राज्य सञ्चालनको निमित्त प्राविधिक र विशेषज्ञ ज्ञान हासिल गरेको (Technocratic) प्रतिनिधिका रुपमा रहने संवैधानिक व्यवस्था गरियोस् ।

१७. कार्यपालिका र ब्यबस्थापिकाका बिचमा शक्तिपृथकीकरण र शक्ति सन्तुलनलाई संस्थागत गर्न संसद सदस्यहरु मन्त्रीमंडलमा जान पाउने प्रणाली खारेज गरियोस ।

१८. देशको कुल बजेटको ७७ प्रतिशत चालु खर्च र २३ प्रतिशत मात्रै विकास खर्चमा छुट्याइने नीतिमा आमूल परिवर्तन गरी आगामी दश वर्षसम्मका लागि विकासका पूर्वाधारमा अत्यधिक बजेट विनियोजन गर्ने नीति अंगीकार गरियोस् ।

१८. आर्थिक रुपमा बोझिलो, कानूनी र प्रशासनिक रुपमा अन्तर्द्वन्द्व सिर्जना गर्ने गरी तीनै तहमा विधायिकी अधिकार दिइएको वर्तमान संघीयताको ढाँचामा आमूल परिवर्तन गरी विकेन्द्रित स्थानीय स्वायत शासन लागू गरियोस् ।

१९. स्थानीय तहमा घरदैलोमै राज्यको सेवासुविधा वितरण गर्नका निमित्त हाल कायम भएका स्थानीय वडाहरुलाई नै चार हजारभन्दा अधिकको संख्या स्थानीय निकाय कायम गरियोस् ।

२०. सार्वजनिक प्रशासनलाई सक्षम र प्रभावकारी बनाउन राजनैतिक हस्तक्षेप तुरुन्तै बन्द गरियोस् ।

२१. सबै तहको निर्वाचन प्रणालीलाई मितव्ययी, स्वच्छ र पारदर्शी तुल्याई भड्किलो खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न स्वचालित विद्युतीय पद्धतिमा आधारित निर्वाचन प्रणाली अवलम्बन गर्न आवश्यक ऐन कानून तर्जुमा गरियोस् ।

२२. विद्युतीय प्रणालीबाट मतदान गर्ने व्यवस्था गर्नको निमित्त मतदाताहरुको औंठाछाप सहितको तथ्यांक र मातदाता नामावली संकलन गर्ने व्यवस्था गरियोस् ।

२३. मतदाताहरुलाई विद्युतीय मतदान (E-Voting) गर्न पाउने व्यवस्था गर्नको निमित्त सम्पूर्ण मतदाताहरुको तथ्यांक सहितको विद्युतीय अभिलेख डाटाबेस तयार गरी मतदानको लागि एक छुट्टै वेभ पोर्टलको व्यवस्था गरियोस् ।

२४. नेपाल लगायत विश्वभरि रहेका नेपाली नागरिकले आफ्नो नागरिकताको प्रमाणपत्रको नम्बरलाई user name र औंठाछाप सही लाई password मान्ने गरी आफ्नो निर्वाचन क्षेत्रका उम्मेदवारहरु मध्येबाट इन्टरनेटको माध्यमबाट मतदान गर्न पाउने व्यवस्था लागू गरियोस् ।

२५. निर्वाचनमा उम्मेदवारी दिने उम्मेदवारहरुलाई निर्वाचन प्रचारप्रसारका लागि सभा, सम्मेलन, र्‍याली लगायतका खर्चिलो कार्यक्रम गर्न निषेध गरी आ-आफ्नो दलगत नीति तथा कार्यक्रमहरु सहितको प्रचारात्मक आलेख एवं भिडियो निर्वाचन आयोग मार्फत् वेभ पोर्टलमा राखी मतदानका लागि आग्रह गर्ने पद्धति विकास गरियोस् ।

२६. विदेशमा रहेका नेपाली नागरिकहरुलाई विद्युतीय मतदाता नामावलीमा नाम एवं औंठा छाप लगायतको विवरण विदेशमै संकलन गर्ने व्यवस्था गरी मतदान दिन पाउने स्थिति सुनिश्चित गरियोस् ।

२७. निर्वाचनका क्रममा भोज भतेर गर्ने, टिसर्ट, लत्ता कपडा बाँड्ने, हेलिकोप्टर प्रयोग गर्ने लगायतका विकृतिजन्य कार्यलाई निषेध गरी निर्वाचन आयोगको पूर्व स्वीकृति बेगर कुनै पनि कार्यक्रम सञ्चालन गर्न नपाइने व्यवस्था गरियोस् ।

२८. निर्वाचनमा उम्मेदवार हुनका लागि सम्पत्तिको यथार्थ विवरण सार्वजनिक गरी राज्यलाई कर तिरेको कर चुक्ताको प्रमाणपत्र अनिवार्य रुपमा निर्वाचन आयोगमा पेश गर्नुपर्ने कानूनी व्यवस्था लागू गरियोस् ।

२९. निर्वाचनमा सहभागी हुन निरोगिताको प्रमाणपत्र निर्वाचन आयोगमा अनिवार्य पेश गर्नुपर्ने कानूनी व्यवस्था लागू गरियोस् ।

३०. निर्वाचनका उम्मेदवारलाई भविष्यमा कुनै रोग लागेमा आफैंले खरीद गरेको स्वास्थ्य बिमा योजनामार्फत् उपचार गराउने स्वयंघोषणामा हस्ताक्षर गरी निर्वाचन आयोगमा बुझाउनुपर्ने अनिर्वाय कानूनी व्यवस्था गरियोस् ।

३१. गणतन्त्रलाई वास्वविक अर्थमा गणतन्त्रात्मक व्यवस्थाका रुपमा अंगीकार नगरिएको हुनाले अहिलेको अवस्थाकै राज्यको शासकीय संरचनाले वैधता पाइरहन नसक्ने भएकाले जनताका वैधानिक अपेक्षा अनुरुपको शासकीय संरचनाहरुको खोजी भएको खण्डमा जनमतसंग्रहद्वारा नै शासकीय संरचनाको अन्तिम निरुपण गरियोस् ।

३२. जाति विशेष वा धर्म सम्प्रदाय विशेषलाई आधार मानेर नभई अति विपन्नता र वहिष्करणलाई मात्र आधार तुल्याई सीमित समयका निमित्त आरक्षणको व्यवस्था सहित उत्कृष्टतामा आधारित पद्धति (Merit based system) राज्यको हरेक तह र तप्कामा अवलम्बन गरियोस् ।

## (ग) न्यायपालिकाको आमूल सुधारका सम्बन्धमा

३३. स्वतन्त्र न्यायपालिकाको गरिमालाई अक्षुण्ण राख्न राजनीतिक आस्थाको आधारमा न्यायपालिकामा भएको सम्पूर्ण नियुक्तिहरु खारेजी र न्यायपालिकामा रहेका अयोग्य व्यक्तिहरुलाई तत्कालै हटाई योग्य र सक्षम व्यक्तिहरु नियुक्त गरियोस् ।

३४. न्यायाधीशको पदमा रहेका सम्पूर्ण व्यक्तिहरुको शैक्षिक योग्यता र सम्पत्तिको छानबिन हाल सम्म राज्यको कुनै पनि पदमा नबसी कानूनको क्षेत्रमा बिशिष्ठ योगदान पुराउने व्यक्तिको अध्यक्षतामा एक स्वतन्त्र आयोग गठन गरियोस् ।

३५. न्यायाधीश नियुक्तिको निमित्त न्यायपरिषद्को भूमिकाको औचित्य समाप्त भइसकेको हुनाले न्यायपरिषद् खारेज गरी न्यायाधीश नियुक्तिका लागि हाल सम्म राज्यको कुनै पनि पदमा नबसी कानूनको क्षेत्रमा बिशिष्ठ योगदान पुराउने व्यक्तिको अध्यक्षतामा एक स्वतन्त्र आयोग गठन गरियोस् ।

३६. स्वतन्त्र आयोगमार्फत् हरेक तहका अदालतमा उत्कृष्टताका आधारमा न्यायाधीश नियुक्ति गरियोस् । जिल्ला अदालतमा सम्पूर्ण न्यायाधीश उत्कृष्टताको आधारमा खुला प्रतिस्पर्धाबाट नियुक्ति गरियोस् । उच्च अदालतमा जिल्ला अदालतबाट मात्रै ७५ प्रतिशत न्यायाधीश नियुक्ति गर्ने तथा बाँकी २५ प्रतिशत उत्कृष्टताको आधारमा खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्ने व्यवस्था गरियोस् ।

३७. सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिको निमित्त स्वतन्त्र आयोगले संवैधानिक योग्यताहरुसँगै पूर्व फैसलाहरुमा स्थिरता (Consistency in Past Judgements), इमान्दारिता (Integrity), प्राज्ञिक योगदान ( Academic Contribution), उच्च नैतिक चरित्र (High Moral Character) लगायतका आवश्यक मापदण्डहरु समेत तोकी उक्त मापदण्ड पूरा गरेका सर्वोच्चको न्यायाधीश हुन योग्य व्यक्तिहको सूची ( Roster of Eligible Persons) तयार गरी निरन्तर अद्यावधिक गरियोस् र स्वतन्त्र आयोगले तयार पारेको सूचीभन्दा बाहिरबाट सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति गर्न नसकिने स्पष्ट संवैधानिक एवं कानूनी व्यवस्था गरियोस् ।

३८. सर्वोच्च अदालतमा रिक्त न्यायाधीश पदमा नियुक्ति गर्नुपर्दा सूचीकृत व्यक्तिहरु मध्येबाट सरोकारवालाहरु निकायहरु जस्तै बार समेतको धारणा बुझी अन्तिम निर्णय स्वतन्त्र आयोगले नै गर्ने व्यवस्था गरियोस् ।

३९. न्यायाधीश नियुक्त गर्ने स्वतन्त्र आयोग कानूनको क्षेत्रमा बिशिष्ठ योगदान पुराउने व्यक्तिको अध्यक्षतामा नागरिक समाजको प्रतिनिधि तथा बार समेतको प्रतिनिधि रहने गरी गठन गरियोस् ।

४०. न्यायालयमा हुने भ्रष्टाचारको उजुरी ग्रहण गरी स्वतन्त्र छानबिन, अनुसन्धान, पुर्पक्ष, निलम्बन र दोषी देखिएकोमा बर्खास्त र सजायसमेत दिने अधिकार सहितको हाल सम्म राज्यको कुनै पनि पदमा नबसी कानूनको क्षेत्रमा बिशिष्ठ योगदान पुराउने व्यक्तिको संयोजकत्वमा एक ५ सदस्यीय उच्चस्तरीय संवैधानिक न्यायिक आयोगको गठन गरियोस् र सो आयोगमा नागरिक समाजका प्रतिनिधि २ जना, बारको प्रतिनिधि १ जना र कानूनका प्राध्यापक १ जना रहने व्यवस्था गरियोस् ।

४१. सर्वोच्च अदालतबाट भएका अन्तिम फैसलामा राष्ट्रिय हित, अखण्डता, सार्वभौमसत्ता, प्राकृतिक स्रोत, राजस्व एवं सार्वजनिक सरोकारका विषयहरुमा राष्ट्र वा आम नागरिकको अहित भएको प्रश्न उठेमा उक्त प्रश्नको समाधानार्थ कानूनको क्षेत्रमा बिशिष्ठ योगदान पुराउने व्यक्तिको अध्यक्षतामा एक न्यायिक समीक्षा आयोग गठन गरियोस् । उक्त आयोग मार्फत् सर्वोच्च अदालतका विवादास्पद फैसलाको समीक्षा गरी फैसलामा सुधार गर्ने संवैधानिक एवं कानूनी व्यवस्था गरियोस् ।

४२. कुनै पनि तहका अदालतमा बढीमा २ वर्ष भित्र मुद्दा फैसला गर्नैपर्ने बन्दोबस्त गरियोस् ।

४३. उच्च अदालतमा न्यायधीश नियुक्ति हुँदा भएको आर्थिक चलखेलको स्वतन्त्र छानबिन गरी दोषी उपर पैसाको आधारमा नियुक्ती गरिएको भनी सार्वजनिक रुपमा चर्चा भएकोले यथार्थ के हो छानविन गर्न नागरिक आयोग वनाई तथ्य सार्वजनिक गरियोस ।

४४. जुनसुकै तहका अदालतमा कुनै पनि मुद्धामा कुनै पनि इजलासबाट दिइने कुनै पनि आदेश र निर्णय तत्कालै विद्युतीय माध्यमबाट हेर्न सकिने व्यवस्था सहित वेभसाइटमा तत्कालै अपलोड गर्ने गरी सार्वजनिक रुपमा जानकारी प्रवाह गर्ने व्यवस्था गरियोस् ।

४५. जिल्ला अदालतमा मुद्धा सुरुवातदेखि अन्तिमसम्म एउटै न्यायाधीशले हेर्ने व्यवस्थाका कारण सुरु अदालतमा भ्रष्टाचार मौलाएकोले उक्त व्यवस्था खारेज गरी कम्प्युटर सफ्टवेयर प्रणालीबाट पेशी तोकियोस् । सर्वोच्च अदालत र उच्च अदालतमा पनि पूर्णतया स्वचालित ढंगले कम्प्युटर प्रणालीबाट पेशी तोक्ने व्यवस्था गरियोस् ।

## (घ) राष्ट्रियताका सम्बन्धमा

४६. हिमाल, पहाड, तराई एवं सबै जातजातिलाई एकताको एउटै सुत्रमा बाँध्न सक्ने नेपाली राष्ट्रिय एकताको एकमात्र आधार भनेको हिन्दू, बौद्ध, किराँत लगायतका यस भूमिका मौलिक सनातन धर्म

संस्कृतिहरु भएको हुनाले हिन्दू, बौद्ध, किराँत लगायतका सनातन धर्म संस्कृतिलाई नेपालीको पहिचानको मुख्य आधारको रुपमा सम्वर्द्धन, संरक्षण र प्रचारप्रसार गर्न राष्ट्रिय अभियान सञ्चालन गरियोस् ।

४७. नेपाली माटोको उपजको रुपमा रहेका मौलिक आदिवासी धर्म, संस्कृति र परम्पराहरुलाई विकृत तुल्याउने अन्धविश्वासी विभेदकारी पात्र एवं पक्षहरुलाई निरुत्साहित गरी उक्त मौलिक धर्म संस्कृतिहरुका मानवीयता, भातृत्व, सहनशीलता, सद्भाव र समभावको पक्षहरुलाई प्रोत्साहन गरी विभिन्न जातजाति र भौगोलिक क्षेत्रका बीचमा सदियौंदेखि रहेको सुमधुर सम्बन्धलाई बढावा दिइयोस् ।

४८. हिन्दूत्व, बौद्ध दर्शन, किरात दर्शन लगायतका मौलिक धर्म संस्कृति र जीवन दर्शनलाई नागरिकको जीवनपद्धतिमा प्रतिबिम्बित गर्ने राज्यको नीति निर्माण गरी नैतिक शिक्षालाई विद्यालय तहमा अनिवार्य रुपमा पठनपाठनको व्यवस्था गरियोस् ।

४९. मुलुकको विरासतका रुपमा रहेका मौलिक धर्म र संस्कृतिलाई कम्जोर बनाउने र लोप गराई नेपाली राष्ट्रियतालाई धराशायी बनाउनकालागि आर्थिक प्रलोभनका आधारमा धर्म परिवर्तन गराइ ईशाइकरण गर्ने कार्यलाई कानून बमोजिम कडा कारवाही गरियोस् ।

५०. आर्थिक प्रलोभनमा आधारित ईशाइकरण र धर्मान्तरण रोक्नका लागि सरकारी उदासीनता आफैंमा रहस्यमय मौन समर्थनको रुपमा देखिनु खेदजनक छ । आर्थिक प्रलोभनमा आधारित ईशाइकरण रोक्नका निमित्त वर्तमान संविधानमा जे जस्तो सशोधन जरुरी पर्दछ, त्यो संशोधन तत्काल गरियोस् ।

५१. चर्चको सबै सम्पत्ति सार्वजनिक सम्पत्ति हुने भएकाले चर्च बसेका देशभरका निजी घरहरु राष्ट्रियकरण गरी निजी घरघरमा चर्च चलाउने प्रथा अन्त्य गरियोस् ।

५२. क्रिश्चियन मिसनरीका नाममा देशका विभिन्न भागमा प्रयोग गरिएको सम्पत्तिलाई राष्ट्रियकरण गरी सार्वजनिक हितमा प्रयोग गरियोस् ।

५३. क्रिश्चियन मिसनरीमा आधारित गैरसरकारी संस्थाहरु (NGOs), अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरु (INGOs) तत्कालै बन्द गरियोस् ।

५४. ईशाइकरणका कारण आदिवासी जनजातिहरुमा उनीहरुको आदिवासी हुनुको गुणहरु लुप्त हुँदै जाने हुँदा भयावह सांस्कृतिक विचलन र पहिचानको गम्भीर समस्या उत्पन्न हुनेतर्फ दृष्टिगत गरी सम्पूर्ण आदिवासी जनजातिहरुलाई मौलिक धर्म संस्कृतिमा कायम रहन उत्प्रेरित गर्ने नीति अवलम्बन गरियोस् ।

५५. ईशाइ धर्ममै परिवर्तित हुन चाहने आदिवासी जनजातिका व्यक्तिहरुलाई राज्यबाट आदिवासी जनजातिको हैसियतमा सुविधा प्राप्त गर्नमा दावी गर्न नपाइने व्यवस्था गरियोस् ।

५६. विभिन्न जात जाति, धर्म, सम्प्रदाय, र समुदायका बीचमा विद्यमान भेदभाव, शोषण र दमनलाई अन्त्य गर्ने संरचना तयार पारी पूर्णरुपले समान नागरिकको अवधारणालाई साकार तुल्याई मौलिक ढंगले नागरिकको मानव अधिकारलाई सुनिश्चित गर्न सबै व्यक्तिलाई समेट्न सक्ने सामाजिक सुरक्षाको प्रत्याभूतिद्वारा राष्ट्रियतालाई मजबुत गरियोस् ।

५७. सत्तामा रहेकाहरुले नेपालको हरेक आन्तरिक विषयमा विदेशीलाई आफ्नै शासक सरह जानकारी दिने कार्यमा तत्काल रोक लगाइयोस् ।

५८. नेपालको सीमानाभन्दा बाहिर पुर्‍याइएको राजकीय सत्तालाई नेपालको सीमाना भित्र र्फकाइयोस् ।

५९. राजनितिज्ञ, नेपाल सरकारका कर्मचारी र सरकारले उपलव्ध भएसम्म नेपालमा उत्पादन भएको वस्तु तथा सेवामात्र अनिवार्य खरिद गर्नुपर्ने कानूनी व्यवस्था गरियोस् ।

६०. केहि बर्ष अघि बितरण गरिएका ५४ लाख नागरिकता मध्ये धेरै विदेशीहरुलाई वितरण भएको भनी सार्वजनिक रुपमा समाचारहरु आएकाले उक्त समयमा वितरित सबै नागरिकताको छानबिन गरी विदेशीले नागरिकता लिएको देखिएमा त्यस्ता नागरिकताहरु रद्ध गरियोस् । त्यसरी नागरिकता उपलव्ध गराउने सवैलाइ कानुन वमोजिम कारवाही होस् ।

६१. नेपालको नागरिकता प्राप्त गर्न योग्य भएर पनि हालसम्म नागरिकता पाउनबाट वञ्चित भएकाहरुलाई नागरिकता प्रदान गरियोस् ।

६२. नागरिकता वितरणका सम्बन्धमा महिला माथि भएको चरम विभेदको अन्त्य गरियोस् ।

## (ङ) शिक्षा र स्वास्थ्यका सम्बन्धमा

६३. डा. गोविन्द के.सी. सँग राज्यले हालसम्म गरेको सबै सम्झौताहरु तत्कालै निशर्तः कार्यान्वयन गरियोस् ।

६४. देशभरका विद्यालय, उच्च माध्यामिक तह एवं विश्वविद्यालयहरुमा अनुसन्धानमा आधारित प्राविधिक तथा व्यवसायिक र जीवन उपयोगी शिक्षाको व्यवस्था गरियोस् । प्राविधिक तथा व्यवसायिक शिक्षा क्षेत्रमा भएका नितिगत तथा प्रत्यक्ष भ्रष्टाचारको अन्त्य गरियोस् ।

६५. सामाजिक अर्थतन्त्रको दुई महत्वपूर्ण क्षेत्रहरु शिक्षा र स्वास्थ्यमा राज्यले मूल लगानी गरी सम्पूर्ण नागरिकको निमित्त शिक्षा र स्वास्थ्य निशुल्क तुल्याइयोस् ।

६६. स्वास्थ्य र शिक्षामा व्यापारीकरण पूर्ण रुपले अन्त्य गरियोस् ।

६७. सार्वजनिक विद्यालयहरुमा विद्यार्थीहरुले निशुल्क रुपमा विश्व स्तरीय प्रतिस्पर्धात्मक शिक्षा प्राप्त गर्ने अवसर राज्यले प्रदान गर्ने व्यवस्था मिलाइयोस् ।

६८. विश्वविद्यालयहरुलाई अनुसन्धान र शोधकेन्द्रित अध्ययन संस्थानको रुपमा अघि बढाउन अनुसन्धानको निमित्त पर्याप्त बजेट विनियोजन गरी विश्वव्यापी रुपमा प्रतिस्पर्धा गर्न सक्षम तुल्याइयोस् ।

६९. विश्व विद्यालय तथा अन्य शैक्षिक निकायहरुमा राजनीतिक भागबण्डामा आधारित भई गरिएका सम्पूर्ण नियुक्ति खारेज गरी योग्यता र उत्कृष्टताको आधारमा नियुक्ति गरियोस् ।

७०. नेपालका सबै विश्वविद्यालयहरुमा प्रधानमन्त्री नै पदेन कूलपति हुने व्यवस्थालाई खारेज गरी सम्बन्धित क्षेत्रको विशिष्ट ज्ञान हासिल गरेको विज्ञ व्यक्तिहरुलाई कूलपति बनाइयोस् ।

७१. विश्वविद्यालय तथा अन्य शैक्षिक निकायहरुमा भइरहेको दलीय राजनीति तत्काल बन्द गरी शैक्षिक क्षेत्रलाई राजनीति मुक्त क्षेत्र घोषणा गरियोस् ।

७२. स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय र निःशुल्क बनाई विश्वव्यापी स्वास्थ्य स्यहार प्रणाली (Universal Health Care System) अवलम्बन गरी कुनै पनि नेपाली नागरिकले उचित स्वास्थ्य उपचार नपाएर मृत्युवरण गर्नुपर्ने अवस्थाको अन्त्य गरियोस् ।

७३. भ्रष्टाचारीहरुबाट असुल उपर गरिएको बिगो र जरिवानाको रकम विपन्न सहायता कोषमा जम्मा गरी निरपेक्ष गरीबीको रेखा मुनि रहेका नागरिकको शिक्षा, स्वास्थ्य, रोजगारी र आवासको प्रत्याभूति गरियोस् ।

**(च) अर्थतन्त्र, रोजगारी, पर्यटन, वित्तीय क्षेत्र, व्यापार र राजस्वका सम्बन्धमा**

७४. नेपालमा मौलाएको कुलीन उच्च घरानिँया पुँजीवाद (Crony Capitalism), लाइसेन्सराज, रातो फित्तावाद (Red Tapism) र दल नियन्त्रित अर्थतन्त्र (Party Controlled Economy) लाई अन्त्य गरी राष्ट्रिय उदार अर्थतन्त्र (National Liberal Economy) को विकास गर्ने नीति तथा कार्यक्रम अवलम्बन गरियोस् ।

७५. नेपालको अर्थतन्त्रलाई विश्वबजारसँग अन्तर्सम्बन्धित तुल्याई अन्तर्राष्ट्रियकरण गरी दुई ठूला छिमेकी मुलुक भारत र चीनको विशाल अर्थतन्त्रबाट प्रत्यक्ष लाभ लिन सक्ने गरी स्वाधीन अर्थव्यवस्था स्थापना गरियोस् ।

७६. राज्यले उद्योगधन्दा, व्यापार, व्यवसाय, लगानी र आर्थिक वातावरणलाई सहजीकरण गर्न सहजकर्ताको रुपमा भूमिका खेली अन्तर्राष्ट्रिय व्यापारबाट लाभ लिन सक्ने प्रतिस्पर्धात्मक क्षमतायुक्त व्यवसायिक संस्थाका रुपमा नागरिकहरुद्वारा प्रवर्द्धित कम्पनीहरुलाई राज्यले प्रोत्साहन गरोस् ।

७७. देशमा बौद्धिक अर्थतन्त्र (Knowledge Based Economy) को विकासको निमित्त युवाहरुलाई सूचना प्रविधि, लेखा, व्यवस्थापन, वित्तीय क्षेत्रमा अध्ययन अनुसन्धानको निमित्त प्रोत्साहित गरी अदक्ष र अर्ददक्ष कामदार नभई नेपालले सक्षम र बौद्धिक युवा जनशक्तिको सिपलाई मात्रै निर्यात गर्ने देशका रुपमा नेपालको नयाँ छवि निर्माण गरियोस् ।

७८. आफ्नो घर खेत चर्को ब्याज दरमा धितो बन्धक राखेर बिदेशमा काम गर्न जानु पर्ने बाध्यताको अवस्थाको अन्त्य गरियोस् । स्वदेशमै रोजगारीको अवस्था पर्याप्त रुपमा सिर्जना नभए सम्मका लागि बिदेशमा काम गर्न जाने नेपाली नागरिकहरुकोतर्फबाट सरकार जमानी बसी बैंकको लागतसमेत सरकारले नै व्यहोर्ने गरी शून्य प्रतिशत ब्याज दरमा ऋण सुबिधा उपलब्ध गराउने व्यवस्था गरियोस् । वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई शारीरक षोशण, स्वास्थ्य समस्या, कानूनी झमेला लगायत कुनै पनि किसिमको समस्या परेमा सरकारी खर्चमै निजको उद्धार, भरणपोषण र क्षतिपूर्ति समेतको व्यवस्था गरियोस् ।

७९. विश्वमा करिब १ अर्ब १४ करोड हिन्दू र करिब ५० करोड बौद्ध धर्म मान्ने व्यक्तिहरु भएकाले हिन्दू र बौद्ध धार्मिक पर्यटकहरुले जीवनमा एकपटक भएपनि दर्शन गर्नैपर्ने तीर्थस्थलको रुपमा नेपालको पशुपतिनाथ, स्वयम्भूनाथ, लुम्बिनी, जानकी मन्दिर, मुक्तिनाथ, गोसाइँकुण्ड लगायतका तीर्थस्थलहरुको अन्तर्राष्ट्रिय प्रचारप्रसार र प्रवर्द्धन गरियोस् ।

८०. नेपाललाई हिन्दु, बौद्ध, किराँत एवं अन्य मौलिक धर्म संस्कृतिको अध्ययन केन्द्रका रुपमा विकास गरी विश्वभरबाट धार्मिक पर्यटनको निमित्त नेपाललाई प्रमुख गन्तव्य स्थलका रुपमा विकसित गरियोस् । तपोभूमिका रुपमा रहेको नेपाललाई अध्यात्मिक र ध्यानयुक्त पर्यटन (Spiritual and Meditational Tourism) को मुख्य गन्तव्यका रुपमा विकसित गरियोस् ।

८१. स्थानीय युवा जनशक्तिलाई पर्यटन प्रवर्द्धन र स्वरोजगार पर्यटन उद्यमीमा रुपान्तरण गर्नको निमित्त राज्यले सिपमूलक तालिम प्रदान गरी बेरोजगारीको समस्या अन्त्य गरियोस् ।

८२. प्रत्येक आदिवासी जनजातिको मौलिक धर्म संस्कृतिलाई जीवित सम्पदाको रुपमा संर्वद्धन र प्रवर्द्धन गरी पर्यटकीय आकर्षणको केन्द्र बनाइयोस् । नेपालको हिमश्रृङ्खला, पर्वतीय जीवनपद्धति, तराईको जैविक एवं सांस्कृति विविधिताको अध्ययन अनुसन्धानको निमित्त विश्वभर प्रोत्साहन गरी पर्यावरण, जलवायु परिवर्तन, जैविक विविधतालाई पर्यटनको आधार बनाइयोस् ।

८३. वित्तीय क्षेत्रको व्यापाक सुधारका लागि उच्च स्प्रेड दर कायम गरेर सुदखोरी ढंगले सहज रुपमा चल्दै आएको बैंकिङ र वित्तीय क्षेत्रमा सुदखोर प्रवृत्तिलाई बन्देज लगाइयोस् । उद्यमशीलतालाई प्रवर्द्धन गर्नको निमित्त अत्यन्त न्यून ब्याजदरमा ऋणको उपलब्धता, परियोजना नै धितो राखेर ऋण प्राप्त गर्न सकिने (Project Financing) को ढाँचामा उद्यमशीलता विकास गर्न न्युन ब्याजदरमा सहज ऋण प्रवाह गर्ने व्यवस्था गरियोस् । सवै प्रकारका शिक्षालाइ उद्यमशीलता उन्मुख वनाइयोस् ।

८४. बैंक वित्तीय क्षेत्रले घरघडेरी र व्यवसायिक जग्गालाई मात्र सबैभन्दा अब्बल धितोका रुपमा मूल्यांकन गर्ने परिपाटीका कारण मौलाएको घरजग्गाको अत्यधिक दलाली, अप्राकृतिक मूल्यवृद्धि, कृषि योग्य जमिनको खण्डीकरण, प्लटिङ लगायतका विकृतिलाई निराकरण गरी व्यवसाय गर्न चाहने सिर्जनशील उद्यमीहरुलाई घरजग्गा नभएकै कारण धितो राख्न नसकेर कर्जा लिनबाट वञ्चित हुनुपर्ने स्थितिको अन्त्य गरियोस् ।

८५. सामान्य मानिसले जीवनभरिको कमाइबाट समेत घरजग्गा जोड्न नसक्ने गरी मौलाएको विकृतिलाई अन्त्य गरी सबै नागरिकलाई आवासको अधिकार सुनिश्चित गरी न्यूनतम ब्याजदरमा नागरिक आबास योजना सञ्चालन गरियोस् ।

८६. बैंक वित्तीय संस्थाहरुले घर जग्गालाई मात्र मुख्य धितोको रुपमा बढावा दिनाले समग्र वित्तीय क्षेत्रको धितो लगानी अनुत्पादक घरजग्गा क्षेत्रमा केन्द्रीकृत हुन पुगेको हुनाले जुनसुकै बेला निम्तिन सक्ने वित्तीय संकटलाई ध्यानमा राखी उद्यमशीलतामैत्री वित्तीय नीति तथा कार्यक्रम लागू गरियोस् ।

८७. पुँजी बजारमा लगानी गरेका लगानीकर्ताहरु मध्ये दीर्घकालीन लगानीकर्ताहरुलाई वर्गीकरण गरी एक वर्षभन्दा लामो अवधि, तीन वर्षभन्दा लामो अवधि र पाँच वर्षभन्दा लामो अवधि सेयर होल्ड गरेर पुँजी बजारमा पुँजी प्रवाह गराएका लगानीकर्ताहरुलाई सेयर बिक्री गर्दा लाग्ने राजस्वमा अवधि अनुसारको छुटको व्यवस्था गरी पुँजीबजारलाई प्रवर्द्धन गरियोस् ।

८८. श्रावणदेखि असारसम्म आर्थिक वर्ष मान्ने पद्दति परिवर्तन गरी वैशाखदेखि चैत्रसम्मको आर्थिक वर्ष कायम गरियोस् । प्रत्येक आर्थिक वर्षमा भाद्र १५ गते भित्रमा विकास परियोजनाको निर्माण कार्यको ठेक्का दिने काम सम्पन्न गरी भाद्र १६ गतेदेखि चैत्र महिनासम्ममा सम्पूर्ण विकास निर्माणको कार्य गर्ने पद्धति अवलम्बन गरी असारे विकासमा हुने बजेटको दुरुपयोग अन्त्य गरियोस् । साथै निर्माण क्षेत्रमा भएका अति सुस्तपन तथा यसका कारणवाट नागरिकको स्वास्थ्यमा पर्ने नकारात्मक असरलाइ तुरुन्त वन्द गरियोस् ।

८९. नेपालमा व्यापार घाटा यतिखेर करिब १२ खर्ब रुपैंया पुगेको कहाली लाग्दो स्थिति भएकोले कुल आयात १३ खर्ब र निर्यात १ खर्ब भन्दा कम रहेको अवस्थामा अनावश्यक रुपमा भइरहेको विलासिताका

वस्तुहरु, विदेशी मदिरा, विदेशी सौन्दर्य प्रशासन, विदेशी जंक फुडहरु, विदेशी महंगा गाडीहरु आयातमा प्रतिवन्ध लगाई देशभित्र उत्पादित कृषि एवं औद्योगिक वस्तुहरुलाई पूर्णतः भन्सार छुट गरी निर्यातलाई प्रोत्साहन गरियोस् ।

९०. आम नागरिकको ढाडै सेक्ने गरी स्थानीय निकायबाट लगाइएका सम्पूर्ण दोहोरो कर तत्कालै खारेज गरियोस् ।

९१. कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाई विदेशमा निर्यात गर्नसक्ने अवस्थामा पुऱ्याउनका लागि टुक्रे खेती प्रणाली अन्त्य गरी सामूहिक व्यवसायिक खेती प्रणालीलाई प्रवर्द्धन गर्न अनुदानको व्यवस्था गरियोस् । सरकारी पर्ती जग्गापनि बाँझो नराखी लिज भाडामा उपलब्ध गराई कृषि कार्य, पशुपालनलाई प्रवर्द्धन गरियोस् । मलखाद, बिउबिजन, कृषि उपकरणको सहज उपलब्धताको लागि करछुटको व्यवस्था गरी सहजीकरण गरियोस् । देशका हरेक क्षेत्रमा सिँचाइको उपलब्धता सुनिश्चित गरियोस् ।

९२. महंगीले निरपेक्ष गरीब परिवारहरुलाई जीवन धान्न धौ धौ परेको हुनाले निरपेक्ष गरीब परिवार तथा निम्न मध्यम वर्गीय परिवारका नागरिकको लागि दैनिक उपभोग्य वस्तु विशेष छुट मूल्यमा उपलब्ध गराउनका लागि रासन कार्डको व्यवस्था गरी महंगी नियन्त्रण गरियोस् ।स्थानीय उपभोक्तालाई सुलभ दरमा कृषि उत्पादन उपलब्ध गराउन तथा नेपाली कृषिको अन्तर्राष्ट्रियकरण गर्नका निमित्त नेपालमा कृषिमा आधारित विशिष्टिकृत वस्तु विनिमय बजार प्रणालीको विकास गरियोस् ।

९३. सम्पूर्ण बेरोजगार व्यक्तिहरुलाई राज्यद्वारा रोजगारीको व्यवस्था गरीयोस् अन्यथा बेरोजगार भत्ता तत्कालै उपलब्ध गराइयोस् ।

९४. वृद्ध, अशक्त, अपांग एवं जेष्ठ नागरिकहरुलाई वर्तमान् सरकारले निर्वाचन पूर्व कबुल गरे बमोजिम प्रति महिना ५ हजार रुपैंया रकम तत्कालै वितरण सुरु गरियोस् ।

९५. सवारी जाम नियन्त्रण गर्नका लागि सरकारी कर्मचारीहरुलाई व्यक्तिगत सवारी साधन दिने कार्य बन्द गरी कार्यालयको रुटको स्टाफ बसबाट ल्याउने पुऱ्याउने व्यवस्था मिलाइयोस् ।

९६. देशभरि विभिन्न स्थानमा रहेका पेट्रोलियम पदार्थ, बहुमूल्य धातु लगायतको खनिज पदार्थको खानीहरुको पहिचान गरी उत्खनन्को कार्य तत्कालै सुरु गरियोस् ।

९७. नेपालले प्रयोग गरेर बाँकी रहने हदसम्मको जलस्रोतको उपयोग गर्नका लागि पानी विदेशमा बिक्री गर्ने नीति तय गरी नेपालको पानी विश्वव्यापी रुपमा बिक्री गरियोस् ।

९८. रेल यातायात नेपालको निमित्त आर्थिक उपादेयतायुक्त हुने नहुने निर्क्योल गरियोस् । नदीनालाहरुमा आधारित जल यातायातको प्रवर्द्धन गरियोस् ।

९९. बिदेशी लगानीलाई प्रोत्साहन गर्नका निमित्त एउटै कार्यालयबाट सम्पूर्ण प्रक्रियागत कार्य पूरा गरी एक महिना भित्र अनिवार्य रुपमा स्वीकृति गर्न अधिकारसम्पन्न एकीकृत कार्यालय तत्कालै खोलियोस् ।

१००. सरकारका मन्त्रालय र मातहतका कार्यालयहरुमा बजेटरी अनुशासनहिनता बढ्न गई बेरुजु बढिरहेको तथा रकमान्तर गरी भैपरी आउने खर्चका नाममा कार्यकर्ताको भरणपोषण भइरहेको हुनाले बजेटको दुरुपयोगलाई कानूनी कारवाहीको दायरामा ल्याउन तत्कालै व्यवस्था गरियोस् ।

१०१. गत अर्थिक वर्षमा पुँजीगत खर्चतर्फ पनि सवारी साधनका लागि रु.३ अर्ब बजेट बिनियोजित गरिएकोमा पछि रकमान्तर गरी रु.६ अर्ब ७१ करोड बजेट खर्च गरी जनप्रतिनिधि र कर्मचारीहरुले विलासी गाडी प्रयोग गरेको तथ्यलाई दृष्टिगत गरी सरकारी गाडी खरिद प्रकृयालाई नियन्त्रण गरी मितव्ययीताको नीति परिपालना गरियोस् । विगत १० वर्ष अवधिमा गाडीमा मात्रै ५४ अर्ब खर्च गरेको समाचारको सम्बन्धमा तत्कालै यथार्थ विवरण सार्वजनिक गरी राष्ट्रिय कोषको दुरुपयोग गर्नेहरुलाई कानून बमोजिम कारवाही गरियोस् ।

१०२. राजनीतिक पदाधिकारी एवं मन्त्रीहरुबाटै आर्थिक अनुशासनको सुरुवात हुनुपर्ने भएकाले फजुल खर्च गर्ने, हेलिकप्टर प्रयोग गर्ने, सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार गर्ने कार्य बन्द गरी मितव्ययी ढंगले राज्यको सेवा सुविधा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरियोस् ।

१०३. प्रत्येक वर्ष मन्त्री, सांसद्, विभिन्न निकायका संवैधानिक पदाधिकारी, सरकारका उच्च कर्मचारीले विदेश भ्रमण गरी ठूलो मात्रामा राज्यकोषको धनराशि खर्च हुने गरेकाले अत्यावश्यक बाहेकका गैरसरकारी संघसंस्थाहरु एवं निजी कार्यक्रममा विदेश भ्रमणमा खर्च गर्ने कार्य बन्द गरियोस् ।

१०४. सार्वजनिक संस्थानमा आ.व. २०७३।०७४ मा सरकारको लगानी रु.३८ अर्ब ३३ लाख बाट बढाएर ३ खर्ब १२ अर्ब ७ करोड ९३ लाख पुगेको भएपनि आर्थिक प्रशासन र वित्तीय उत्तरदायित्वमा कमजोर हुनुका साथै १५ वटा सार्वजनिक संस्थानले लेखापरीक्षण समेत नगराएको हुनाले सार्वजनिक संस्थानहरुमा भइरहेको अनियमततितालाई छानबिन गरी हालसम्म भ्रष्टाचार गरिएको सम्पूर्ण रकम असुल उपर गर्न एक नागरिक आयोग गठन गरियोस् ।

१०५. सार्वजनिक खरिद व्यवस्थापन कार्य अर्न्तगत् ठेक्का व्यवस्थापन समयमा नगर्ने, ठूला राष्ट्रिय गौरवका आयोजना म्याद भित्र सम्पन्न नगरी ठेक्का अवधि मात्र बढाई म्यादभित्र सम्पन्न नगर्ने ठेकेदारलाई आयोजनाको लागत भेरियसन देखाई काम र रकम थप गर्दै जाने कार्य बन्द गरी म्यादभित्र काम नगर्ने ठेकेदारलाई दण्ड जरिवाना तिराई तत्कालै कालोसूचीमा राखियोस् ।

१०६. राष्ट्रिय गौरव नाम दिएर ठूला आयोजनाहरुमा गरिएको लगानीको श्रोत नखोजिने व्यवस्था गरी गैरकानूनी रुपमा आर्जित कालो धनलाई वैधता दिई सम्पत्ति शुद्धीकरणलाई सरकारबाटै प्रोत्साहन

भइरहेको हुनाले यस्तो निन्दनीय कार्य तत्कालै रोकी उक्त क्षेत्रहरुमा भएको लगानीको सम्पूर्ण स्रोत सावजनिक गरी श्रोत नखुलेको सम्पत्ति जफत गरियोस् ।

१०७. वैदेशिक सहायताको दुरुपयोगको लागि ठूला आयोजनाहरुमा योजनाबद्ध तवरले महंगो शुल्क तिरेर विदेशी परामर्शदाताहरुलाई भित्र्याउने कार्य बन्द गरियोस् । स्वदेशी प्राविधिक र परामर्शदाताको प्रयोगलाई प्रोत्साहित गरियोस् । नयाँ नयाँ क्षेत्रमा नेपाली प्राविधिकलाई विदेशमा तालिम र सिप हासिल गर्न सरकारबाटै प्रोत्साहन गरी प्रविधि हस्तान्तरणमा जोड गरियोस् ।

१०८. भूकम्प एवं बाढी, पहिरो लगायतको प्राकृतिक प्रकोप पीडितहरुको राहत एवं पूनस्थापनाको कार्य तत्कालै सम्पन्न गरियोस् । भूकम्प पीडितलाई दिने भनिएको रकम तत्कालै वितरणको कार्य सम्पन्न गरियोस् । भूकम्पबाट ध्वस्त भएका धरहरा, रानीपोखरी लगायतका सांस्कृतिक संरचनाहरु यथारुपमा पूननिर्माण कार्य सम्पन्न गर्न निर्माण कार्यको थालनी तत्कालै गरियोस् ।

१०९. ठूलो वित्तीय क्षमताका व्यक्ति तथा कम्पनीहरुलाई राजस्व छुट दिने, राजस्व बक्यौता राखेका बहुराष्ट्रिय कम्पनीहरुलाई छुट दिने, फरक भन्सार दरबन्दी लगाई कम राजस्व असूल गर्ने, कर फछ्र्यौट आयोगको नाममा संस्थागत रुपमै राजश्व चुहावट गर्ने, मूल्य अभिवृद्धि करमा क्रेडिट सुविधा दिने इत्यादि विकृति तत्कालै अन्त्य गरी राजस्व चुहावटलाई नियन्त्रण गरियोस् । राजस्वको बक्यौता राखेर अवैध रुपमा सञ्चालित सम्पूर्ण क्यासिनो जुवाघरहरुबाट तत्कालै सम्पूर्ण बक्यौता राजस्व असुल उपर गरियोस् ।

११०. कोशी, गण्डकी, कर्णाली, महाकाली लगायतको नदीहरु विदेशीको हितमा प्रयोग गर्नका लागि भारतसँग गरिएको असमान सन्धि सम्झौता खारेज गरी स्वेदशी लगानीमै बहुउद्धेश्यीय जलउपयोगको आयोजनाहरु कार्यान्वयनमा ल्याइयोस् । आयातीत बिजुलीको भरमा लोडसेडिङ हटाएर मात्रै विद्युतभारको कुशल व्यवस्थापन नहुने भएकाले विद्युत अभावको दीर्घकालीन समस्या निराकरण गर्न कमिशनको खेलमा लाइसेन्स बेचुवा प्रवृत्तिलाई अन्त्य गरी नागरिकको प्रत्यक्ष लगानीमा जलविद्युत परियोजनाहरु अघि बढाइयोस् । जानाजानी लोडसेडिङ गराई नेपालीलाई अँध्यारोमा राख्ने नेपाल विद्युत प्राधिकरणका तत्कालीन पदाधिकारीलाई भविष्यमा कुनै पनि सरकारी ओहोदामा योग्य नरहने गरी कडा सजाय गरियोस् ।

१११. देशका अधिकांश भूभागमा सडकहरु गुणस्तरहीन रहेकोले सडक दुर्घटनामा हरेक दिन अनाहकमा नेपाली नागरिकले ज्यान गुमाउन परिरहेको हुनाले देशभरका सडकको तत्कालै स्तरोन्नति गरियोस् । काठमाडौं उपत्यकामा नागढुंगा–थानकोट–त्रिपुरेश्वर सडक, साँखु–जोरपाटी–चावहिल सडक लगायतका विस्तार भइरहेका निर्माणाधीन सडकमा मुआब्जा वितरण तथा सडक निर्माणको सम्पूर्ण कार्य तत्कालै पूरा गरियोस् । मुलुकभर सयौं पुलहरुको अवस्था दयनीय हालतमा रहेको एवं पुल निर्माणको ठेक्का व्यवस्थापनमा भारी मात्रामा अनियमितता भइरहेको हुनाले पुलहरु निर्माणमा लापरवाही गर्ने

ठेकेदारहरुलाई कारवाही गरी पुलहरु पुर्ननिर्माणमा तदारुकता दिइयोस् । पुल नभएर तुइन प्रयोग गर्नुपरिरहेको स्थानमा तत्कालै पुलको व्यवस्था गरियोस् ।

११२. कुनै पनि आयोजनामा वैदेशिक सहायताको अंश विदेशी परामर्शदाताको सुविधामै खर्च हुनुकै कारणले गर्दा बजेटमा ऋणको भार बढ्दै गई आर्थिक वर्ष २०७३।०७४ को अन्त्यसम्म तिर्न बाँकी सार्वजनिक ऋण ६ खर्ब ९८ अर्ब पुगेको हुनाले वैदेशिक ऋणको परनिर्भरताको बेथितिलाई अन्त्य गरियोस् ।

११३. सरकारी निकायहरुले चर्चेको जग्गा सरकारको स्वामित्वमा ल्याउन नसकिएको, त्रिभुवन विश्वविद्यालय अन्तर्गत १२७ निकाय मध्ये ९ क्याम्पसको ३५५ विगाहा र २४ क्याम्पसको ७ हजार ८७ रोपनी जग्गा मध्ये महेन्द्र बहुमुखी क्याम्पस दाङको ९० विगाहा र धनकुटा बहुमुखी क्यापसको झापामा रहेको जग्गा अतिक्रमणमा परेको, शिक्षण अस्पताल महाराजगंन्जको करिब १८७ रोपनी जग्गाको लाल पुर्जा प्राप्त नभएको, बुटवल बहुमखी क्याम्पसका १० विगाहा जग्गा दर्ता हुन बाँकी रहेको तथ्य महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले पुष्टि गरेको हुँदा यस्तो बेथितिको अन्त्य गरियोस् । यस बाहेक वन, कृषि, सडक, स्वास्थ्य सम्बन्धी निकायहरुको जग्गा र भवन कतिपय ठाँउमा लगत तथा उपयोगको पर्याप्त व्यवस्था हुन सकिरहेका छैन । यस किसिमको बेथितिलाई तुरुन्तै रोकियोस् ।

११४. सरकारी निकायले नै भाडामा लगाएको जग्गाको भाडा प्रचलित बजारमूल्यभन्दा अत्याधिक न्यून तुल्याई भइरहेको अनियमितता र भ्रष्टाचारका दोषी पत्ता लगाई असुल उपर गरियोस् । चन्द्रागिरि डाँडाको ३६ हेक्टर वन क्षेत्रमा केवुलकार निर्माण गर्न दिँदा व्यवसायीसँग मिलेर विना प्रतिस्पर्धा कौडीको भाउमा प्रति हेक्टर रु.५ हजारका दरले प्रतिवर्ष रु.१ लाख ८० हजार दस्तुर प्राप्त गर्ने गरी लिजमा दिएर दीर्घकालीन रुपमा देशलाई अर्बौ रुपैंया राजस्व घाटा हुने गरी भ्रष्टाचार भएको तथ्य महालेखा परीक्षकको प्रतिवेदनमा समेत औंलाइएको हुनाले हालसम्म भएको क्षतिबापत बिगो र जरिवानासहित असुल उपर गरी वन नियमावली अनुसार प्रस्ताव आव्हान गरी प्रतिस्पर्धा गराएर मात्र उक्त वन क्षेत्र लिजमा दिइयोस् ।

११५. वनक्षेत्र सुरक्षा योजना, २०७० र वन अतिक्रमण नियन्त्रण रणनिति, २०६८ कार्यान्वयन रहे तापनि आर्थिक वर्ष २०७२।०७३ सम्म ६ जिल्लाको ७४० स्थानमा ९४ हजार २३३ हेक्टर वन, ६ राष्ट्रिय निकुन्जमा ३ हजार ८७६ हेक्टर जमिन अतिक्रमण गरी ३० हजार १९४ घर टहरा निर्माण भएको हुनाले उक्त घर टहरा तत्कालै हटाइयोस् ।

११६. नेपालको कुल क्षेत्रफल १ लाख ४७ हजार १८१ वर्ग किलोमिटरबाट अहिले १० हजार १० वर्ग किलोमिटर (लिम्पियाधुरा) को भूभाग हराएकोले सो फिर्ता लिने कार्य तत्कालै अघि बढाइयोस् ।

११७. विदेशस्थित नियोगहरुले व्यापार, लगानी पर्यटन, श्रम प्रविधिको क्षेत्रमा सहयोग अभिवृद्धि गर्न आर्थिक कुटनीतिको परिचालन गर्ने कार्य प्रभावकारी हुन नसकेकोले नेपाली नियोगहरुको पुनरावलोकन गरियोस् ।

११८. राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीका विभिन्न क्षेत्रका सल्लाहाकार, संसदका सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, संसदीय समितिका पदाधिकारीहरु, प्रदेश प्रमुख, मुख्य मन्त्री, सभामुख, र संसदीय समितिका पदाधिकारी लगायतका नामबाट हुने गरेको तलव, अन्य सेवा सुविधा सरकारी सवारी साधन आदिका नामबाट हुने गरेको खर्चमा मितव्ययिताको सिद्धान्त परिपालन गरियोस् । राष्ट्रपतिको सल्लाहाकार भनेकै प्रधानमन्त्री र मन्त्रीपरिषद् हुने भएकाले राष्ट्रपतिले सल्लाहाकार राख्ने व्यवस्था अन्त्य गरियोस् । प्रधानमन्त्री बाहेक अन्य मन्त्री एवं कार्यालय प्रमुखहरुले राखेको सल्लाहाकारको पद तत्काल खारेज गरियोस् ।

### (छ) अन्तर्राष्ट्रिय सम्बन्ध बारेमा

११९. नेपालले हालसम्म गरेको शान्ति तथा मैत्री सन्धि, कोशी, गण्डकी, महाकाली, बिप्पा लगायतका सम्पूर्ण असमान सन्धि सम्झौता खारेज गरियोस् । नेपालको कुनै पनि देशसँगको अन्तर्राष्ट्रिय सम्बन्ध अन्तर्राष्ट्रिय कानूनको मान्य सिद्धान्तको आधारमा अघि बढाइयोस् ।

१२०. बेलायती र भारतीय सेनामा काम गर्ने नेपालीलाई ती देशका सरकारले आफ्नो देशका नागरिक भन्दा कम तलब भत्ता पेन्सन सुविधा दिएकोले ती देशका नागरिकले पाउने सरहको सुविधाको लागि पहल गरियोस् । ठूलो संख्यामा अवकाश प्राप्त भारतीय गोर्खा सैनिकका आफन्तले पाउनुपर्ने सुविधा नपाएको हुनाले सरकारी तवरबाट ती सुविधा दिलाउन पहल गरियोस् ।

१२१. नेपालमा पश्चिमा देशहरुको गतिविधिले आफ्नो सहित छिमेकी मित्र राष्ट्र भारत र चिनको सुरक्षामा गम्भीर असर पर्ने भएकाले यस्ता गतिबिधि तत्काल बन्द गरीयोस् ।

१२२. सुस्ता, कालापानी, लिपुलेकमा नेपालको भूमि मिचिएकोमा विगतमा त्यही विषयमा आन्दोलन गर्ने दलले नै सरकार चलाइरहँदा पनि यस विषयले प्राथमिकता नपाउनुले शंकाको स्थिति उत्पन्न भएको हुँदा सीमानामा सबै ठाँउमा मिचिएका नेपालको भूमि फिर्ता गरियोस् ।

१२३. नेपाल र भारतबीच रहँदै आएको खुला सीमानामा दुवै देशको नागरिकको जनधनको सुरक्षाको निमित्त आवागमनलाई व्यवस्थित गरियोस् ।

### (ज) बेथितिको अन्त्य गरी असल शासनको वहाली गर्ने सम्बन्धमा

१२४. निर्मला पन्त लगायत देश भरमा भएका हत्या, हिंसा, बलात्कारका घटनाका अपराधीलाई कानूनबमोजिम कडा सजाय दिई कानूनको शासन स्थापित गरियोस् ।

१२५. राजनितिक स्वार्थका लागि सत्र हजार निर्दोष नेपालीलाई मार्ने, अपहरण गर्ने, धम्की दिने, धन सम्पत्तिको क्षति गर्ने र मानव अधिकारको गम्भीर हनन् गर्नेलाई तत्कालै कानून बमोजिम कारवाही गरीयोस् । त्यस्ता व्यक्तिलाई उन्मुक्ति दिने उद्धेश्यले गठित सत्य निरुपण तथा मेलमिलाप आयोगले हालसम्म संकलन गरेका प्रमाण संरक्षण गरी उक्त आयोग विघटन गरियोस् । संकलित प्रमाण एवं थप अन्य आवश्यक प्रमाणको आधारमा युद्धकालका अपराधीहरुलाई कारवाही र सजाय गर्ने अधिकार सम्पन्न शक्तिसाली सत्य निरुपण छानबिन आयोग तत्कालै गठन गरियोस् । यस्तो आयोगले गरेको निर्णय उपर केवल सर्वोच्च अदालतका पाँचजना न्यायाधीश सहितको वृहत् पूर्ण ईजलासमा मात्रै पुनरावेदन लाग्ने व्यवस्था गरियोस् ।

१२६. सुन काण्डको छानबिन प्रतिवेदन सार्वजनिक गरियोस् । सुन तस्करीमा संलग्न मुख्य दोषी तथा तस्करी गरी भित्र्याइएको सुन लुकाइएको स्थल, तस्कलाई राजनीतिक संरक्षण दिने गिरोहको यथार्थ सार्वजनिक गरी कानून बमोजिम कारवाही गरियोस् ।

१२७. पुष्पकमल दहाल प्रचण्डसँग संलग्न भएको भनी सार्वजनिक भएका व्यापारीहरु र प्रचण्डबीचको आर्थिक संलग्नताको छानबिन गरी अवैध रुपमा व्यवस्थापन गरिएको सम्पूर्ण रकम जफत गरियोस् । कथित द्वन्दको बेलामा बैंकबाट लुटिएको सम्पत्ति, कब्जा गरी लुटिएको व्यक्तिहरुको निजी सम्पत्तिको विवरण सार्वजनिक गरी उक्त लुटिएको सम्पूर्ण सम्पत्ति लुटेराहरुबाट फिर्ता गराइयोस् ।

१२८. राजनीतिक नेतृत्वले विदेशमा ठूलो परिमाणमा पुँजी पलायन गराई रकम लुकाई राखेको भनी समाचारहरु सार्वजनिक भएको विषयमा नागरिक आयोगमार्फत् छानबिन गरी विदेशमा लुकाइ राखेको कालो धन जफत गरेर ल्याई गरीबी निवारणमा खर्च गरियोस् ।

१२९. राज्य चलाउने व्यक्ति जनताको सेवक मात्र हुनुपर्नेमा पदको अगाडि सम्माननीय र माननीय शब्द लेखाई शासक र शासित गरी वर्ग बिभाजन गर्ने कार्य कम्युनिष्ट हौं भन्ने सरकारका लागि सिद्धान्ततः पनि नसुहाउने भएकाले कुनै पनि पदको अगाडि राखिएका सम्माननीय र माननीय भन्ने शब्द तत्कालै हटाइयोस् ।

१३०. उच्च ओहदामा रहेका व्यक्तिले नागरिकका अगाडि दम्भ र शान देखाउन आवागमन गर्दा स्कर्टिङ गरी पुर्व राजाहरुको नक्कल गरि सडक पूरै खाली गराउने, नागरिकलाई आवागमनमा घन्टौं सास्ती दिने तथा अनावश्यक रुपमा साइरन बजाएर सवारी साधनको अगाडि र पछाडि लर्को लगाएर हिँड्ने अभिजात कुलीन संस्कार तत्कालै हटाइयोस् ।

१३१. पूर्व पदाधिकारीहरुलाई दिइएको सबै सुविधा तत्कालै खारेज गरियोस् । संवैधानिक र उच्च ओहोदामा आर्थिक लेनदेन र पार्टीगत भागबण्डामा अयोग्यलाई दिइएको नियुक्ति तत्काल खारेज गरी योग्यलाई नियुक्त गरियोस् ।

१३२. राजनीतिज्ञ र कर्मचारीको सरकारी खर्चमा महँगा गाडी किन्ने र विलासी जीवन बिताउने परिपाटीको विकास भएकाले देशको आर्थिक अवस्था विचार गर्दा प्रचलित अन्तिम उपभोक्ता मूल्य करसहित ५० लाख रुपैंया भन्दा बढी पर्ने गाडी प्रशासनिक क्षेत्रमा किन्न नपाइने गरी रोक लगाई सोभन्दा अधिक मूल्यका सरकारी गाडी तत्कालै लिलाम गरी उक्त रकम गरिबी निवारणमा खर्च गरियोस् ।

१३३. महालेखा परिक्षकको कार्यालयले औंल्याएका सबै अनियमितताको छानबिन गरी रकम असुल उपर गरियोस् ।

१३४. निजामति प्रशासन, सरकारी संस्थान, अर्द्धसरकारी कार्यालय एवं सरकार मातहतका स्वायत्त संघसंस्थाहरुमा कार्यरत कर्मचारी श्रमिक नभई अधिकार प्राप्त अधिकारी भएकाले ती निकायहरुमा विद्यमान कर्मचारी ट्रेड युनियनको व्यवस्था खारेज गरियोस् । कर्मचारीको सरुवा र बढुवा राजनैतिक स्वार्थ, हस्तक्षेप र हैकमका आधारमा नभएर कानून बमोजिमको पारदर्शी र स्वचालित प्रक्रियाबाट हुने व्यवस्था मिलाइयोस् ।

१३५. राष्ट्र सेवक कर्मचारीलाई जीवनयापन गर्न सहज हुने गरी तलब सुविधाको व्यवस्था गरियोस् । भ्रष्ट्राचार गर्नेलाई पदबाट बर्खास्त गरी कडा कारवाही गरियोस् ।

१३६. काठमाण्डौं उपत्यका लगायत देशका ठुला शहरमा भएको प्रदुषण तत्काल नियन्त्रण गरीयोस् । सहरमा स्वच्छता कायम राख्न तथा यात्रुहरुको निमित्त सहजताका निमित्त विभिन्न स्थानमा पर्याप्त मात्रामा स्वच्छ खानेपानी तथा सार्वजनिक शौचालयहरुको व्यवस्था गरियोस् । वागमती लगायतका देशका कुनै पनि नदीनालाहरुमा ढल तथा औद्योगिक कलकारखाना, स्वास्थ्य संस्था इत्यादिबाट पैदा हुने रासायनिक र विषाक्त फोहोर सोझै मिसाउने कार्य तत्कालै बन्द गरियोस् ।

१३७. काठमाण्डौं उपत्यकामा बढ्दो अव्यवस्थित शहरीकरण एवं सवारी जामको समस्या हल गर्न बाहिरी चक्रपथ तत्कालै निर्माण सुरु गरियोस् । काठमाण्डौं उपत्यकाबाट बाहिर जाने बैकल्पिक बाटो भनी २०१५ साल देखि निर्माण सुरु गरीएको कान्तिराजपथको निर्माण तत्काल सम्पन्न गरी यातायात सुचारु गरियोस् ।

१३८. निजगढ विमानस्थल निर्माणको निमित्त चारकोसे झाडीमा रहेको लाखौं रुख काट्नका लागि ल्याइएको प्रस्ताव/कार्यक्रम तत्कालै रद्ध गरियोस् । वागमती सफाइका नाममा दुरुपयोग गरिएको सम्पूर्ण रकमको हिसाबकिताब सार्वजनिक गरी असुल उपर गरियोस् ।

१३९. राष्ट्रिय जीवनमा विभिन्न क्षेत्रमा रहेका व्यक्तिहरुले संस्मरणका किताब मार्फत् सार्वजनिक गरेका भ्रष्टाचार घटनाहरो निमित्त उक्त पुस्तक आफैंमा प्रमाण रहेको हुनाले उक्त भ्रष्टाचारका घटनाहरुको छानबिन गरियोस् । कानूनका छिद्रभित्र खेली राजस्व र कर छली गरेको, पुँजी पलायन गरी विदेशमा लगानी गरेको घटनालाई गर्वका साथ सहासिलो कामका रुपमा वर्णन गरी किताब लेख्ने व्यापारीहरुलाई निजको साविती संस्मरणकै आधारमा छानबिन सुरु गरी कानून बमोजिम सजाय गरी छली गरिएको सम्पूर्ण राजस्व असुल उपर गरियोस् ।

१४०. प्रधानमन्त्रीज्यूले मदन भण्डारीको हत्या भएको समयमा आफूहरुले हत्याराको पहिचान गरिसकेको र सरकारमा गएपछि हत्याराको कारवाही गर्छौं भनेको स्मरण गराउँदै निज भण्डारीकी धर्मपत्नी विद्यादेवी भण्डारी स्वयं राष्ट्रपति हुँदा पनि मदन भण्डारीले न्याय पाउन नसक्नु दुःख लाग्दो भएकोले मदन भण्डारीको हत्यारालाई सार्वजनिक गरी कारवाही गरियोस् ।

१४१. तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्यको वंश विनाश हुने गरी गरिएको राजदरबार हत्याकाण्डको दोषी पत्ता लगाई कानून बमोजिम कारवाही गरियोस् ।

१४२. द्वन्द्वकालमा बेपत्ता पारिएका नागरिकहरुको स्थिति तत्कालै सार्वजनिक गरी बेपत्ता पार्ने व्यक्तिहरुलाई कानून बमोजिम कडा भन्दा कडा सजाय गरियोस् । द्वन्द्वकालका गम्भीर घाइते, अपांग एवं पीडित असक्त व्यक्तिहरुलाई तत्कालै उचित राहत र भरणपोषणको व्यवस्था गरियोस् ।

१४३. संक्रमणकालिन न्यायलाई (Transitional Justice) श्री सर्बोच्च अदालत बाट विभिन्न मुद्धामा संस्थापित सिद्धान्त, अर्न्तराष्ट्रिय कानूनका मान्य सिद्धान्त र पिडितहरुको बैधानित अपेक्षा समेतलाई ध्यानमा राखी राजनीतिका नाममा अपराध गर्न पाईदैन भन्ने मान्यतालाई संस्थापित गरि द्वन्दकालमा भएका मानब अधिकार र अर्न्तराष्ट्रिय मानबिय कानूनको उल्लंघनका घटनाका दोषी माथि फौजदारी मुद्धा चलाई कानून बमोजिम कार्यबाही गरियोस र राजनीति वा राजनैतिक सहमति भन्ने गैरकानूनी अबधारणाका आधारमा दोषीलाई संरक्षण गर्ने र उन्मुक्ति दिने कार्य सरकार बाट नगरियोश ।

१४४. सञ्चारमाध्यममा वैदेशिक लगानीलाई पूर्णतया निषेध गरियोस् । विदेशी लगानीमा सञ्चालनमा रहेका मिडिया, विज्ञापन एजेन्सी तथा चलचित्रहलहरु सञ्चालनमा रोक लगाइयोस् ।

१४५. मदिराजन्य पदार्थ सार्वजनिक रुपमा हरेक स्थानमा बिक्री वितरण गरिने व्यवस्था नियन्त्रण गरी निश्चित समय र सीमित स्थानबाट स्वदेशी उद्योगद्वारा उत्पादित मदिरामात्र बिक्री वितरण गर्ने व्यवस्था गरियोस् । सुर्तीजन्य पदार्थको उत्पादन बिक्री वितरण, आयात र सेवनलाई तत्कालै रोक लगाइयोस् ।

१४६. दुई तिहाईको शक्तिसाली सरकारले नागरिकसँग पैसा लिई लामो समयसम्म पनि सवारी चालक प्रमाण पत्र दिन नसक्नु सरकारको असफलता हो । तोकिएको दस्तुर लिई सवारी चालक अनुमतिपत्र तत्कालै दिइयोस् ।

१४७. सवारी चालक अनुमतिपत्र एवं राष्ट्रिय परिचयपत्रमा रहेको नागरिकको गोप्य विवरण भारतीय कम्पनीको हातमा पुग्ने गरी गरिएको कार्य तत्काले बन्द गरी नागरिकको गोप्य विवरण स्वदेशी वा विदेशी कुनै पनि निजी कम्पनी वा विदेशी कुनै पनि निकायले संकलन गरी भण्डारण गर्न नसक्ने सुनिश्चितता गरियोस् ।

१४८. महाकाली सन्धि पारित गराउने क्रममा तपाइँ प्रधानमन्त्रीले तत्कालीन समयमा विपक्षी दलको नेताको हैसियतले महाकाली सन्धि पारित भएमा मुलुकमा बिकासको मूल फुट्ने र गरिबी निवारण हुने उद्धघोष गर्नु भएको स्मरण गराउँदै उक्त प्रतिबद्धता के कति पूरा गर्नुभयो ? पूरा नहुनुको जवाफदेहिता सहित के कारणले प्रतिबद्धता पूरा भएन भन्ने यथार्थ सार्वजनिक गरी महाकाली नदीमा नेपालकै स्वदेशी लगानीमा बहुउद्धेश्यीय परियोजना सञ्चालन गर्नका निमित्त कार्यक्रमको थालनी गरियोस् ।

१४९. जलबिद्धुत उत्पादन गर्न विभिन्न व्यक्ति र कम्पनीहरुले लाईसेंन्स लिएर पनि लामो समय सम्म काम नगर्ने तर लाईसेंन्स बेच्ने धन्दामा लाग्ने जे जति काम भएका छन् त्यस्ता लाईसेंन्स खारेज गरि नागरिकको स्वामित्वका जलबिद्धुत कम्पनिलाई प्रोत्साहन हुने गरि जलबिद्धुतको विकास गरियोस ।

१५०. प्रहरी तालिम केन्द्रको भवन रास्ट्रपतिको हेलिप्याड बनाउन र समाज कल्याणको भवन उपराष्ट्रपतिलाई प्रयोग गर्न दिने एंब रास्ट्रपतिका राष्त्रपतिलाई १८ करोड को गाडी किन्न दिने जस्ता राजनैतिक रुपमा भड्किला, सामाजिक रुपमा लज्जास्पद र संस्थागत बिकासका लागि हानिकारक एब लोकतन्त्रलाई कुलीन तन्त्रमा परिणत गर्न उद्धम क्रियालाफारू तुरुन्त बन्द गरियोस

१५१. तत्कालीन नेकपा माओवादीले २०५१ सालमा पेश गरेका ४० बुँदे माग मध्ये अधिकांश माग त्यही दलबाट तीन पटक प्रधानमन्त्री हुँदा पनि पूरा नगरिएकाले उक्त मागहरु पूरा गरियोस् ।

अन्त्यमा, नेपालका लागि नेपालीले आफूले राखेको माग पूरा गर्ने गरी नागरिकबाट अभिभारा पाएको खण्डमा यी मागहरु पूरा गर्ने बिश्वास दिलाउन चाहन्छ र पूर्ण प्रतिबद्धता व्यक्त गर्दछ ।